आज मिति २०७६/०९/०५ गते भीमेश्वर नगरपालिकाका नगर प्रमुख भरत बहादुर के.सी.ज्यूको अध्यक्षतामा बसेको नगर कार्यपालिकाको ४४ औं बैठकमा तपशिल बमोजिमका पदाधिकारीहरुको उपस्थिति रही देहाय बमोजिम निर्णय गरियो ।

**उपस्थिति**

श्री भरत बहादुर के.सी. ....................नगर प्रमुख

श्री कमला बस्नेत ....................... नगर उपप्रमुख

श्री मान बहादुर खड्का.................(.प्र. प्र.अ.) सचिव

श्री बिर बहादुर थामी .....................वडा अध्यक्ष भी.न.पा. १

श्री विराजमान श्रेष्ठ ................... वडा अध्यक्ष भी.न.पा. २

श्री हरिसरण शिवाकोटी ......... वडा अध्यक्ष भी.न.पा. ३

श्री हरिवंश चौलागाई ................. वडा अध्यक्ष भी.न.पा. ४

श्री रामचन्द्र बस्नेत ................ वडा अध्यक्ष भी.न.पा. ५

श्री नबिन कुमार लामा ................. वडा अध्यक्ष भी.न.पा. ६

श्री कैलाश कुमार श्रेष्ठ ............... वडा अध्यक्ष भी.न.पा. ७

श्री नकुल के.सी. ...........................वडा अध्यक्ष भी.न.पा. ८

श्री चित्र बहादुर भुजेल ....................वडा अध्यक्ष भी.न.पा. ९

श्री लालकृष्ण थामी .................... कार्यपालिका सदस्य

श्री दिपक धनुके...................... .कार्यपालिका सदस्य,

श्री सुमन सुनाम ..................... .कार्यपालिका सदस्य,

श्री रुपा शाही भुजेल .................. कार्यपालिका सदस्य,

श्री गौरी थामी .......................... कार्यपालिका सदस्य,

श्री मन्जु बिश्वकर्मा ............ कार्यपालिका सदस्य,

श्री जमुना श्रेष्ठ .......................... कार्यपालिका सदस्य,

श्री किरण वली..................... . कार्यपालिका सदस्य,

श्री माधव प्रसाद सुबेदी ...................प्रशासकीय अधिकृत

श्री सुरेश राउत .............................प्राबिधिक तथा योजाना शाखा प्रमुख (आमंत्रित )

मिति २०७६/०९/०५ दिनको १२:००बजे

## कार्यपालिकाको ४४ औं बैठकका प्रस्ताव तथा निर्णयहरु :

**निणर्य नं.१.**:– प्रस्ताव नं. १ माथि छलफल गर्दा **नेपाल भ्रमण वर्ष २०२०** लाई भव्यतापूर्वक मनाउने क्रममा मिति २०७६/०९/१६ गतेबाट यस नगरपालिकाको सातदोबाटोमा **"किवि महोत्सव तथा चरिकोट स्ट्रीट फुड फेस्टिवल २०७६"** सम्पन्न गर्न जिल्ला समन्वय समिति दोलखा, किवि जोन दोलखा ,कृषि ज्ञानकेन्द्र दोलखा–रामेछाप, वागवानी फार्म बोच, घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय दोलखाका, ८ वटै स्थानीय तह तथा सरोकारवालालाई अनुरोध गर्ने, उक्त कार्यक्रम सञ्चालन गर्न लाग्ने प्रारम्भिक अनुमान करिव पाँचलाख रहेको छ। जसमध्ये कृषिज्ञान केन्द्र, घरेलु तथा साना उद्योग विकास समिति र जिल्ला समन्वय समिति दोलखाबाट जम्मा रु २,१५,०००/– (दुईलाख पन्द्रहजार) साझेदारी गर्ने प्रतिवद्धता प्राप्त भएकोले नपुग हुने रकम रु २,८५,०००/ (दुईलाख पचासी हजार )ब.शि.नं. (५९) ब्यबसायिक कृषि तथा पशुपालनबाट खर्च लेखि नेपाल **भ्रमण वर्ष २०२० को** प्रारम्भ गर्ने निर्णय गरियो ।

**निणर्य न. २.** :– प्रस्ताव नं. २ माथि छलफल गदा नगर गौरवको आयोजना 'टुडिखेल विस्तार' को विस्तृत आयोजना प्रतिवेदन (DPR) स्वीकृत गरी ठेक्का व्यवस्था गर्ने। उक्त आयोजनाको कूल लागत १८ करोड मध्ये हाल ठेक्का व्यवस्थापन गरिने कार्यहरुको कुल लागत रु दश करोड सम्मका कार्यहरु स्वीकृत गर्ने निर्णय गरियो ।

**निणर्य नं ३** :– प्रस्ताव नं. ३ माथि छलफल गदा नगरपालिकाको चालु आ.व. को वार्षिक स्वीकृत कार्यक्रम 'गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (MEDPA) सञ्चालनका लागि प्रस्ताव छनौट एवम् मूल्याङ्कन लगायतका कार्य गर्न कार्यपालिकाको आर्थिक विकास समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं ४.** :– प्रस्ताव नं. ४ माथि छलफल गदा लघुउद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि २०७६ 'सामाजिक विकास शाखाले मस्यौदा गरी छलफल सहित अन्तिम रुप दिई कार्यपालिका बैठकमा स्वीकृतिका लागि पेश गर्न आर्थिक विकास समितिलाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं..५.**:– प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस नगरपालिकाको छैटौ नगर सभा (हिउँदे अधिवेशन) २०७६ साल पौष २७ गतेका लागि आव्हान गर्ने सो कार्यका लागि आवश्यक विधेयकहरु तयार पार्न कार्यपालिकाको 'विधायन समिति' लाई जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं..६.**:– प्रस्ताव नं.६ माथि छलफल गर्दा नगर भित्र सञ्चालन भइरहेका विकास निर्माण सम्बन्धी आयोजना कार्यान्वयन प्रभावकारी बनाई समयमा नै सम्पन्न गर्न योजना अनुगमन कार्यविधि वनाई वडा स्तरीय अनुगमन समितिबाट अनुगमन गरी  तपशिल बमोजिमको नगर स्तरीय अनुगमन समिति समितिलाई सिफारिस गर्ने निर्णय गरियो ।

तपशिल

(क) नगर उपप्रमुख : संयोजक

(ख) संयोजक, पूर्वाधार विकास समति वा संयोजकले तोकेको समितिका सदस्य : सदस्य

(ग) प्राविधिक शाखा प्रमुख वा ईन्जिनियर : सदस्य

(घ) सम्बन्धित वडा अध्यक्षले तोकेको वडाबाट कार्यपालिकामा प्रतिनिधित्व गर्ने महिला सदस्य वा दलित अल्पसंख्यक सदस्य वा सम्बन्धित वडा सदस्य मध्येबाट एक जना : सदस्य

(ङ) आमन्त्रित (नगर प्रमुख/ प्रमख प्रशासकीय अधिकृत/सम्बन्धित वडाको वडा अध्यक्ष) : सदस्य

(च) योजना शाखा हेर्ने कर्मचारी : सदस्य सचिव

. **निर्णय नं ७.**:– प्रस्ताव नं.७ माथि छलफल गर्दा  वडा नं. ७ वडा कार्यालय भवन निर्माण गर्न जग्गा प्राप्तिका लागि गरिएको सार्वजनिक सूचना र प्राप्त निवेदनका आधारमा सम्बन्धित व्यक्तिहरुबाट खरिद गरिएको जग्गाको लागत रु ५,३३,०००। (पाँचलाख तेतिस हजार मात्र) चालु आ.ब. को वडा कार्यालय भवन निर्माण शीर्षकबाट भुक्तानी अनुमोदन हुनेगरी भवन निर्माणका लागि बहुवर्षीय ठेक्का व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं..८.**:– प्रस्ताव नं.८ माथि छलफल गर्दा  वडा नं. १ को वडा कार्यालयको गत आ.व. मा ठेक्का गरी बाँकी रहेको अधुरो निर्माण कार्य सम्पन्न गर्न लाग्ने प्राविधिक लागत रु १०,००,०००/–(दशलाख )स्वीकृत गरी निर्माण प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.९.**:– प्रस्ताव नं.९ माथि छलफल गर्दा यस नगरपालिकाद्धारा गठीत लेखा समितिलाई गतिशिल बनाउन  लेखा समिति कार्यविधि तयार गरी यहि अबिधेशनमा पेश गर्न आर्थिक विकास समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**१०. विविधः**

१० (क) प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि वडाहरुबाट प्रस्ताव माग गरी ,नगरस्तरका कार्यक्रमहरु  समेत समावेश गराई प्राविधिक लागत ईष्टिमेट तयार गरी स्वीकृत गराई श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा पेश गर्ने ।

१० (ख) आ.व. ०७५।०७६ मा वैकल्पिक ऊर्जा प्रबर्द्धन केन्द्र (AEPC) बाट प्राप्त शौर्यबत्ति जडान कार्यक्रम २०७६ कार्तिक १५ गतेसम्म सम्पन्न गर्नुपर्नेमा हाल कार्यसम्पन्न भएको र उक्त कार्य गत वर्ष आ.व. को अन्तिम चौमासिकमा प्राप्त भई ठेक्का व्यवस्थापन गर्न पर्याप्त समय नहुँदा उपभोक्ता समितिबाट सञ्चालन गरिएको थियो । बाँकी सौर्य बत्ति जडान कार्य सार्वजनिक स्थानमा मात्र गरिएको हुँदा उपभोक्ताको लागतसहभागिता संभव नभएकाले सो वापतको नपुग रकम रु.६,०५,६००।( छ लाख पाँच हजार छ सय मात्र) नगरपालिकाको नगर क्षेत्र पूर्वाधार विकास कार्यक्रममा विनियोजित बजेटबाट भुक्तानी गर्ने निर्णय गरियो ।

१० (ग) यस नगरपालिकालाई कार्यक्षेत्र बनाई विगतमा फर्म दर्ता गरी लामो समय सम्म नविकरण नभएका निर्माण ब्यबसायिक फर्महरुलाई मिति २०७६ फाल्गुण मसान्त सम्म नविकरणका लागि आबेदन गरेमा अन्तिम एक पटकका लागि प्रति वर्षको नविकरण शुल्कको ३ गुणा थप दस्तुर लिई नविकरण गर्न कार्यालयलाई निर्देशन दिने  निर्णय गरियो ।

१० (घ) आमा समूह दर्ता कार्यविधि तत्काल बनाई कार्यान्वयनमा ल्याउन  समाजिक विकास समितिमा पेश गर्न भीमेश्वर नगरपालिका  स्वस्थ्य शाखालाई निर्देशन गर्ने निर्णय गरियो ।

१० (ङ) यस नगरपालिकाव्दार आ.ब. ०७६/७७ मा कृषि औजार अनुदान कार्यक्रम अन्तर्गत किसानलाई उपलब्ध गराउने कृषि औजार ( मिनि टिलर र थेसर ) कृष सेवा शाखाव्दारा पेश गरेको रु ६,१०,०००/ (छलाख दश हजार) र पशुसेवा शाखाले तयार गरेको पशु आहार तथा महामारी र विपद नियन्त्रण ब्यबस्थापन  रु १०,००,०००/ स्वीकृत गर्ने निर्णय गरियो ।

१० (च) अपाङ्ग उत्थान संरक्षण संघ दोलखाले **अन्तरराष्ट्रिय अपाङ्ग दिवस ३ डिसेम्बर २०१९** मनाउदा लागेको खर्च माग गरेकोमा कूल खर्च मध्ये रु १०,०००/(दश हजार मात्र) जनतासंग उपमेयर कार्यक्रम शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

१० (छ) परोपकार महिला बचत तथा ऋृण सहकारी सस्थाले यस नगरपालिका समेतको समन्वयमा ब्यूटीपालर तालीम सञ्चालन गर्न प्रस्ताव पेश गरेकोमा कूल लागत मध्ये नगरपालिकाको

तर्फबाट जनतासंग उपमेयर कार्यक्रमबाट रु ५०,०००/(पचास हजार मात्र ) लागत सहभागिता उपलब्ध गराउने निर्णय गरियो ।

१० (ज) यस नगरपालिकाका लेखा अधिकृत सुजन सुबेदीले आफ्नो स्वास्थ्य र घरायसी कारण देखाई २०७६/९/०१ गते देखि लागुहुनेगरी ६ महिना (१८० दिन) घर बिदा माग गर्नु भएकोमा निजको संचित घर बिदाबाट कट्टाहुने गरी (१८०दिन) घर बिदा स्वीकृत गर्ने निर्णय गरियो ।

१० (झ) थामी सस्कृति अध्ययन समिति भी.न.पा. १ सुष्पा क्षमावतीले थामी जातीको बिबाह पद्धत्ति श्रुतिहरुलाई संकलन गरी लिपिबद्ध गर्दै सम्पादन तथा पुस्तक प्रकाशन समेत गर्न प्रस्ताव पेश गरेकोमा जनतासंग मेयर कार्यक्रमबाट रु ३०,०००/ (तिस हजार मात्र ) उपलबध गराउने निर्णय गरियो ।

१०(ञ) भीमेश्वर नगरपालिका विगत देखिनै IAEC को सदस्य रहेको र उक्त सस्थाको बार्षिक सदस्यता नविकरण शुल्क बापतको रकम माग भई आएकोले International Association of Educating Cities लाई २१० यूरो (दुई सय दश) बरारबरको रकम सदस्यता शुल्क वापत उपलब्ध गराउने निर्णय गरियो